जिल्ला प्रशासन कार्यालय
बाँके, नेपालगंज
दर्ता नम्बर:- ९९
मिती:- २०८१/४/७

प्रस्तुत निवेदन दर्ता गरी नेपालगञ्ज उप-म.न.पा. ... र नागरिक समाज/उपभोक्ता ... समेतसँग समन्वय गरी अनुगमन र आवश्यक प्रक्रिया अगाडि बढाउनुहुन । ०८१/०४/०७

३० असार २०८१

श्री प्रमुख जिल्ला अधिकारी ज्यू

जिल्ला प्रशासन कार्यालय बाँके

बिषय : बाँके नेपालगंज स्थित बागेश्वरी मन्दिर नजिकै रहेको हर्ष किर्ति महाबिहार (बौद्ध मन्दिर) नाममा रहेको चल अचल सम्पत्तिको संरक्षण र मन्दिरको समुचित व्यवस्थापन सम्बन्धमा ।

उपरोक्त सम्बन्धमा हामी निवेदकहरु सार्वजनिक सरोकारका मुद्धामा वकालत र पैरवी गर्दै आइरहेको ब्यहोरा यहाँहरुमा अवगत नै छ ।

नेपालगंजको पवित्र तिर्थ स्थल बागेश्वरी मन्दिर परिसर भित्र हर्ष किर्ति महाबिहार (बौद्ध मन्दिर) रहेको छ । यो मन्दिर बागेश्वरी मन्दिरकै धर्मशाला रहेको स्थानमा बुद्धको मुर्ति राख्ने भनी तत्कालिन राजा महेन्द्र बिर बिक्रम शाहदेवबाट हर्ष कृति बुद्ध बिहार नामाकरण गरि जग्गा उपलब्ध गराई भगवान प्रतिष्ठापित गरेको भन्ने कुरा शिला लेखबाट देख्न सकिन्छ । यो भुमि पहिला पनि धर्मशाला नै रहेको स्थानिय बासीहरुको भनाई रहेको छ । मन्दिर परिसरमा शाक्य परिवारले बनाएको बिहार पनि रहेको छ ।

बाँके नेपालगंज स्थित बागेश्वरी मन्दिर परिसर भित्र रहेका हर्ष किर्ति महाबिहार (बौद्ध मन्दिर) मा रहेको श्री सम्पतिको संरक्षण, आयव्ययको अभिलेखिकरण, मन्दिरमा भक्तजनले चढाउने गरेको दान दक्षिणा तथा विशेष पुजा वापत प्राप्त हुने चल अचल सम्पतिलाई व्यवस्थित र एकिकृत गर्ने, समिति मार्फत मन्दिर ब्यवस्थापनको कार्य संचालन गर्ने, बौद्ध मन्दिरको सरसफाई लगायत मन्दिरको ब्यवस्थापनका बिषयमा समस्या रहेको जनगुनासो आए पछि हामी सार्वजनिक सरोकारको क्षेत्रमा कार्यरत कानून ब्यवशायी र अधिकारकर्मीले बौद्ध मन्दिरको स्थलगत अनुगमन गरेका थियौ । अनुगमनमा निम्न बमोजिमको तथ्य पाइएकाले यसको सम्बोधनका लागी प्रस्तुत निवेदन पेश गर्न आएका हौ ।

प्रस्तुत बिषय सार्वजनिक सरोकारको भएकाले मठमन्दिर लगायतका सार्वजनिक सम्पत्तिको संरक्षण र समुचित ब्यवस्थापन गर्नु स्थानिय सरकार, प्रहरी प्रशासनको जिम्मेवारी र दायित्व रहेकाले निम्न सवालहरुको उठान सहित यो निवेदन पेश गरेका छौं । निवेदन उपर आवश्यक कारवाही प्रक्रिया अगाडी बढाई सार्वजनिक संम्पत्तिको संरक्षण, सम्बर्द्धन र हर्ष किर्ति महाबिहार (बौद्ध मन्दिर) को समुचित ब्यवस्थापन गरि पाउँ ।

१.बागेश्वरी मन्दिर परिसर भित्र रहेका हर्ष किर्ति महाबिहार (बौद्ध मन्दिर) मा ब्यवस्थापनमा समस्या देखिएको, मन्दिरको संचालन ब्यवस्थापन समिति मार्फत नभई ब्यक्तिबाट संचालन

भएको भन्ने सुन्नमा आएको । मन्दिरमा चढाईएको भेटी र व्यवशायिक सटरबाट उठेका रकमको पारदर्शिता नभएको, मन्दिर परिसर फोहर, दुगन्धित, युवायुवतीको डेटिङ्ग स्थल बनेको, भिक्षुहरुको आत्मसम्मानमा ठेस पुग्ने कार्यहरु भएको भनी गुनासो आएको ।

२. दान पेटिकामा श्रद्धालुहरुले दैनिक राखिने दानको रकम कस्ले प्रयोग गरेको छ भन्ने यकिन हुन नसकेको ।

३ मासिक रुपमा करिव २० हजार भन्दा बढी श्रद्धालुहरुले गरेको दानको कुनै हिसाव किताव नभएको /राख्ने नगरिएको ।

४. महाबिहार मन्दिर धर्मशाला भनिएको छ । तर बागेश्वरी मन्दिर परिसरबाट बौद्ध गुम्बासम्म जाने सिदा बाटो नहुँदा श्रद्धालुहरुलाई अप्ठेरो परेको भक्तजनहरुको भनाई रहेको ।

५.मन्दिरसंगै पर्खाल जोडेर राखिएका पसलहरुको मासिक भाडा कसले उठाएर खाएको छ ? भन्ने यकिन नभएको । मन्दिर प्रवेश द्धारालाई छेकेर राखिएका पसलको भाडा रकमको कुनै हिसाव किताव नराखीएको । मन्दिरको स्वरुप नै ढाकिने गरि सार्वजनिक स्थानमा पसल राख्न कसले अनुमतिले दिएको हो ? त्यसमा नियमनकारी निकायको ध्यान पुग्न नसकेको ।

६. मन्दिरको आम्दानी हिसाव किताव व्यवस्थित नभएको । व्यक्तिगत खाने व्यक्तिले मन्दिरको समुचित व्यवस्थापन, सरसफाई जीर्णोद्धारमा ध्यान नदिएको । मन्दिर अस्तब्यस्त अवस्थामा रहेको ।

७.मन्दिर परिसद फोहर र दुगन्धित छ । सरसफाई छैन । जथाभावी फोहर फाल्ने, परिसर भित्रै प्लाष्टिक जलाएर वातावरण प्रदुर्षित गर्ने काम भैराखेको छ ।

८. मन्दिर परिसर भित्रका बिजुली बत्ति वाईफाईका तार जथाभावी तानेर पसलमा लाने र ट्लाईलेट, बाथरुमका् बिचमा बत्तिको मिटर राखेर लापरवाही गरिएको छ ।

९. मन्दिर परिसर भित्र जथाभावी साईकल चलाउने गरिएको छ । मन्दिर भित्र साईकल चलाउने, बलखेल्ने मैदान जस्तै बनाईएको छ । पबित्र मन्दिर परिसर युवायुवतीले डेटिङ्ग स्थलको रुपमा प्रयोग गर्दा स्थानियवासी वाक्क दिक्क भएको भनी गुनासो आएको छ ।

१० मन्दिर भित्रको खाली जग्गा आगन्तुक र भाडा पसलेहरुको शौचालन बनेको छ । जसका कारण मन्दिर फोहर दुगन्धित बनेको छ ।

११.मन्दिर भित्रको फोहर भित्रै जलाउदा वातावरण प्रदुर्षित बनेको छ । आउने जाने श्रद्धालुहरुको सहजतालाई कुनै ध्यान दिईएको छैन । मन्दिर परिसरमा फोहर, धुवा धुलो छ ।

१२. मन्दिरको सौदर्य, सरसफाई मन्दिरमा चढाईने भेटीको पारदर्शिता, अस्तव्यस्त संचालन, भिक्षुहरुको आत्मसम्मान र सुरक्षामा कमी रहेको पाईएको छ ।

१३ यो बौद्ध बिहारको नाममा रहेको जग्गा जमिन खजुराखुर्द बर्दिया, सोरहवामा भनीएको छ । त्यसको आम्दानी हवल्दार पुरमा रहेको जग्गा अनिएता भए पनि मन्दिरको नाममा रहेका चल अचल सम्पत्तिको खोजबिन गरि त्यसको समुचित संरक्षण हुन नसकेको ।

१४ समिति मार्फत बौद्ध बिहार मन्दिर व्यवस्थित तरिकाले संचालन हुन नसकेको ।

उपरोक्त बमोजिमका तथ्य र समस्याहरु हामीले गरेको अनुगमन र जनगुनासोबाट प्राप्त भएकाले उल्लेखित सवालहरुको तत्काल सम्बोधन गरि बागेश्वरी मन्दिर परिसर भित्र रहेको हर्ष किर्ति महाबिहार (बौद्ध मन्दिर) को चल अचल सम्पत्तिको संरक्षण,समिति मार्फत मन्दिरको समुचित व्यवस्थापन/संचालन, भेटीको पारदर्शिता, सरसफाई लगायतका आवश्यक कार्य गरि मन्दिरको संरक्षण, सम्बर्द्धन लगायतका आवश्यक कार्य गरि पाउँ ।

बसन्त गौतम, केन्द्र. उपभोक्ता हित संरक्षण मञ्च / मानव अधिकार एलाइन्स

प्रभात कुमार ठकुरी, के. स. मानव अधिकार एलाइन्स

भुवन प्रसाद श्रेष्ठ, अध्यक्ष नागरिक समाज

सरस्वती मल्ल इन्सेक, कार्यक्रम अधिकृत

विश्वकिर्ति तिवारी, अध्यक्ष सुचना र मानव अधिकार अनुसन्धान केन्द्र

सोम नेपाली, अधिकृत इन्सेक

निर्मल कुमार शाह IHRC